# मनकामना इन्जिनियरिङ्ग हाइड्रोपावर लि.

बिक्रम सम्बत २०८१ पौष २९ गते सोमबारका दिन रोयल दरबार रेष्ट्रो एण्ड भेन्यु, काठमाडौंमा सम्पन्न भएको चौथो वार्षिक साधारण सभाको निर्णय पुस्तिका ।

**१.पृष्ठभूमी**

मनकामना इन्जिनियरिङ्ग हाइड्रोपावर लि.को चौथो वार्षिक साधारण सभा मिति २०८१ पौष २९ गते सोमबारका दिन रोयल दरबार रेष्ट्रो एण्ड भेन्यु, काठमाडौंमा सम्पन्न भएको थियो । संचालक समितिका सदस्यहरु तोकिएको सभा कक्षमा उपस्थित भई सभा सञ्चालन गरिएको थियो। सभा संचालकले साधारण सभामा सहभागी हुन उपस्थित संचालक समितिका अध्यक्ष, सदस्यहरु, कम्पनीका पदाधिकारीहरु सभामा सहभागी भएका शेयरधनीहरुलाई आसन ग्रहण गर्न अनुरोध गर्नुका साथै सबैलाई चौथो वार्षिक साधारण सभामा हार्दिक स्वागत गर्नु भएको थियो। कम्पनीको साधारण सभा रितपुर्वक बोलाइएको र सभालाई अगाडि बढाउनका लागि आवश्यक पर्ने गणपूरक संख्या पुगेको बारे कम्पनी सचिवले सभालाई जानकारी गराउनु भयो। साधारण सभाको अध्यक्षता कम्पनीको संचालक श्री नारायण दत्त तिमल्सिनाज्यूले गर्नुभएको थियो। अध्यक्षज्यूको अनुमति र शेयरधनीहरुको सहमती पश्चात् सभा सञ्चालन भएको थियो। साधारण सभामा अध्यक्षज्यूले आ.व. २०८०/०८१ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो। तत्पश्चात् साधारण सभामा छलफलका लागि निर्धारित विषयहरु उपर छलफल गरी निर्णय भएको थियो। साधारण सभा दिनको ११:०० बजे शुरु भई निर्धारित बिषय सूची अनुसारका विषयमा छलफल तथा निर्णय गरी दिनको २:०० बजे समापन भएको थियो ।

**(क) सभाको सूचना तथा प्रकाशनः**

(अ) चौथो वार्षिक साधारण सभाको सूचना, २०८१ साल आषाढ मसान्तको वासलात र आ.व.२०८०/०८१ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण सहितको आर्थिक विवरण र वार्षिक प्रतिवेदन कम्पनीको वेभसाइटमा राखी सबै शेयरधनीहरुलाई जानकारी गराइएको थियो ।

(आ) चौथो वार्षिक साधारण सभाको सूचना मिति २०८१/०९/०६ गतेको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको थियो।

**(ख) उपस्थितिः**

**अ. संचालकहरुको उपस्थितिः**

| | | |
|---|---|---|
| श्री कृष्ण बहादुर उप्रेती | अध्यक्ष | प्रतिनिधि, संस्थापक |
| श्री रामहरी बजगाई | संचालक | प्रतिनिधि, संस्थापक |
| श्री राधेश्याम खड्का | संचालक | प्रतिनिधि, संस्थापक |
| श्री नारायण दत्त तिमल्सिना | संचालक | प्रतिनिधि, संस्थापक |
| श्री वाल कुमार वास्तोला | संचालक | प्रतिनिधि,सर्वसाधरण |
| श्री सिता ढकाल (पौडेल) | संचालक | प्रतिनिधि,सर्वसाधरण |
| श्री कर्ण बहादुर बिष्ट | संचालक | प्रतिनिधि,स्वतन्त्र |

आ. पदाधिकारीको उपस्थितिः

१) श्री कमल कुमार भारती कानुनी सल्लाहकार

इ. शेयरधनीहरुको उपस्थितिः

१. स्वंम उपस्थिति ७८ जना (संस्थागत शेयरधनीको प्रतिनिधि समेत)

२. प्रतिनिधिद्वारा उपस्थित २९८ जना

(ग) सभामा छलफलका लागि प्रस्ताव गरिएको विषयहरुः

साधारण सभामा निम्न विषयहरु छलफल तथा निर्णयका लागि प्रस्तुत गरिएको थिएः

१. संचालक समितिको आ.व. २०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।

२. कम्पनीको लेखा परिक्षकले पेश गर्नु भएको आ.व. २०८०/०८१ को लेखा परिक्षण प्रतिवेदन तथा वित्तिय विवरण माथि छलफल गरी पारित गर्ने ।

३. कम्पनी ऐन २०६३ को दफा १११ बमोजिम हाल लेखा परिक्षण गर्दै आइरहनुभएको श्री एस महर्जन एण्ड एसोसिएट्सको कार्यवधि समाप्त भएकोले आ.व. २०८१/०८२ को लेखा परीक्षकको नियुक्ति, पारिश्रमिक निर्धारण र अनुमोधन गर्ने ।

४. स्वतन्त्र संचालकको नियुक्ति अनुमोधन गर्ने ।

(घ) गणपुरक संख्या तथा शेयर संख्याको प्रतिनिधित्व

कम्पनी ऐन २०६३ को दफा ७३(२) बमोजिम आबश्यक गणपुरक संख्या कम्पनीको शेयरधनीहरु वा उपस्थित शेयरधनीहरुले ग्रहण गरेको साधारण शेयरहरुको संख्या देहाय बमोजिम रहेको व्यहोरा कार्यक्रम संचालक श्री कमल कुमारी भारतीज्युबाट अवगत भई उपस्थित शेयरधनीहरुले उपरोक्त व्यहोरा जानकारी लिदै सभा कानुन बमोजिम बोलाइएको हुदा पुर्व सुचित प्रस्तावहरुमा छलफल गर्न मञ्जुर गर्नुभयो ।

सभामा कुल चुक्ता पुँजी ८० लाख कित्ता मध्ये ५४ लाख ६० हजार ७ सय २९ कित्ताको प्रतिनिधित्व गर्ने ३७६ जना शेयरधनीहरु मध्ये ७८ जना उपस्थित भएकोले कम्पनी ऐनको दफा ७३ तथा कम्पनी नियमावलीको नियम २३ वमोजिम वार्षिक साधारण सभाको लागी आवश्यक गणपुरक संख्याको प्रतिनिधित्व पुगेकोले कम्पनी ऐनको दफा ६९ वमोजिम यस कम्पनीको वार्षिक साधारण सभालाई बैध घोषित गरी विधिवत रुपमा सभा संचालन गर्न अध्यक्षज्यूले अनुमति दिनु भई वार्षिक साधारण सभा संचालन भयो ।

| शेयर तथा शेयरधनी | कुल संख्या | स्वयं उपस्थिति | प्रतिनिधि मार्फत | जम्मा उपस्थिति | कुल प्रतिनिधित्व |
|---|---|---|---|---|---|
| शेयर संख्या | ८०,००,००० | १७,४३,८६० | ३७,१६,८६९ | ५४,६०,७२९ | ६८.२६% |
| शेयरधनी संख्या | १,४५,२६१ | ७८ | २९८ | ३७६ | ०.२६% |

अध्यक्षबाट वार्षिक प्रतिवेदन प्रस्तुत भएपछी सो प्रतिवेदन तथा उँहाहरुलाई उपलब्ध गराइएको लेखा परीक्षण प्रतिवेदन सहितको आ.व. २०८०/०८१ को आर्थिक विवरण मा (२०८१ साल असाढ मसान्तको वासालात तथा नाफा नोक्सान, हिसाब र नगद प्रवाह अनुसूचीहरु सहितको विवरण समेत) मा आफ्नो राय सुझाब राख्न तथा सो सम्बन्धमा छलफल गर्न शेयरधनीहरुलाई अनुरोध गरिएको मा निम्न शेयरधनीहरुले निम्नानुसारको राए तथा सुझाब दिनु भएको थियो ।

१.लक्ष्मण बहादुर श्रेष्ठः

कम्पनीले समयमै साधारण सभा आवहान गरेकोमा धन्यावाद ज्ञापन गर्नु भयो। साथै आगामी बर्षमा लाभांश वितरण गर्नेमा आशाबादी छु भन्दै आगामी बर्षमा प्रथम त्रैमासिक भित्र नै वार्षिक साधारण सभा आयोजना गर्न सुझाब दिनु भयो।

२.निरुपमा गुप्ताः

साधारण सभा पौष भन्दा अगाबै आयोजन गर्न ध्यानाकर्षण गराउदै यस साधारण सभाको साधारण बिशेष र सामान्य प्रस्तावहरु माथि पुर्णतय समर्थन जनाउदै संस्थाको आगामी दिनहरु सहज होस भन्दै प्रगतिको कामना दिनु भयो।

३.बैजु नाथ रौनियारः

कम्पनीको इ.पी.एस गुनात्माक भएता पनि भविष्यमा थप सुधरात्माक होस र आगामी साधारण सभामा लगानी कर्ताहरुलाई केहि लाभांश वितरण गर्न सकोस भन्दै यस साधारण सभामा पेश भएका सम्पूर्ण प्रस्ताबहरुलाई समर्थन जनाउनु भयो।

४.कल्पना रिमाल

कम्पनीले सब स्टेशनको वैकल्पिक व्यबस्था खारेज गरेकोमा बधाई दिदै आगामी दिनहरुमा कम्पनीको आम्दानि सुधारात्मक हुने आशा जताउनु भयो। साथै यस आयोजनालाई थप नाफामुलक बनाउन संचालकहरुले के कस्ता भाबि योजनाहरु बनाउनु भएको छ त्यस सम्बन्धमा जानकारी गराउनु होला ?

**चौथो बार्षिक साधारण सभा अध्यक्षको प्रतिउत्तरः**

साधारण सभामा शेयरधनीहरुले आ-आफ्नो मन्तव्य राख्ने काम समापन भएपछी सभा संचालकले साधारण सभाको अध्यक्ष श्री नारायण दत्त तिमल्सिनाज्यूलाई शेयरधनीहरुको जिज्ञासाहरुलाई स्पष्ट गरिदिन आग्रह गर्नु भयो।

**चौथो बार्षिक साधारण सभाको अध्यक्ष श्री नारायण दत्त तिमल्सिनाः**

शेयरधनी महानुभावहरुले दिनुभएका मुल्यवान सुझाबको लागि धन्यवाद दिनु भयो। साथै उहाँहरुबाट प्राप्त सृजनात्मक सुझाबहरुलाई मनन गरि क्रमसः लागु गर्दै जाने प्रतिबद्दता पनि व्यक्त गर्नु भयो।

आयोजनाको वैकल्पिक व्यबस्था खारेजी, बैंक ब्याजदरमा क्रमश भएको कमिले यस आयोजनालाई आगामी दिनहरुमा आफ्नो वार्षिक दायित्व पूर्ति गर्न थप बल पुग्ने देखिन्छ। शेयरधनी महानुभावहरुले यस कम्पनीको लाभांश वितरण सम्बन्धमा जिज्ञासा जारि गर्नु भएकोमा संचालक समिति त्यस उद्देश्य प्रति पूर्णतया जिम्मेवार रही सक्दो प्रयास गरिनैराखेको कुरा यहाँहरु समक्ष जानकारी गराउछु । साथै आगामी वर्षहरुमा वार्षिक साधारण सभा समय अनुकुल मिलाई सक्दो छिटो गर्नेमा संचालक समितिको तर्फ बाट प्रतिवद्दता जनाउन चाहन्छु।

साथै शेयरधनी महानुभाबहरुमा थप जिज्ञासा भएमा वार्षिक प्रतिवेदनको नोट तथा टिपोटमा उल्लेख गरि यस सभामा उपस्थित कम्पनीका कर्मचारीहरुलाई उपलब्ध गराउनुहुन अनुरोध गर्नु भयो।

**प्रस्ताव तथा निर्णयहरुः**

विषय सुची अनुसार निर्णयार्थ पेश भएका निम्न प्रस्तावहरुमा सभाले निम्न वमोजिम निणर्य गर्यो ।

Manakamana Engineering Hydropower Ltd.

१) संचालक समितिको तर्फबाट सभाको अध्यक्ष श्री नारायण दत्त तिमल्सिनाज्यूले प्रस्तुत गर्नुभएको आ.व. २०८०/०८१ को वार्षिक प्रतिवेदनमा छलफल भई त्यसमा सुझाब एवं जिज्ञासाका सम्बन्धमा अध्यक्षबाट स्पष्ट पारि सकिएकोले उक्त प्रतिवेदन पारित गरियोस भनि प्रस्ताव गरिएकोमा सभाबाट उक्त प्रतिवेदन सर्वसम्मती बाट पारित भयो।

२) लेखापरीक्षकको प्रतिवेदन सहित कम्पनीको २०८१ साल अषाढ मसान्तको वासलात र आ.व. २०८०/०८१ को नाफा नोक्सान हिसाब नगद प्रवाह विवरणहरु साधारण सभामा शेयरधनीहरुलाई उपलब्ध गराइएको र उक्त वासालात, आ.व. २०८०/०८१ को नाफा नोक्सान हिसाब नगद प्रवाह विवरणहरु उपर छलफल भई उठेका जिज्ञासाहरुलाई स्पष्ट गर्ने कार्य पनि सकिएकोले उक्त विवरणहरु सर्व सम्मतिबाट पारित भयो।

३) कम्पनि ऐन २०६३ मा व्यबस्था भए बमोजिम हाल लेखा परिक्षण गर्दै आइरहनु भएको श्री एस महर्जन एण्ड एसोसिएट्सको कार्यावधि समाप्त भएकोले आ.व. २०८१/०८२ को हिसाब किताब लेखापरिक्षण गर्न लेखा परीक्षक सि. ए. भरत नेपाल (भरत एन एसोसिएट्स) लाई बाह्य लेखा परिक्षकको रुपमा नियुक्ती गर्ने र पारिश्रमिक स्वरुप रु. ३,००,०००/- (तिन लाख) कर बाहेक कायम गर्ने यस चौथो साधारण सभाले सर्व सम्मतिबाट पारित गर्यो।

४) तेस्रो साधारण सभाले स्वतन्त्र संचालक नियुक्तिको लागि संचालक समितिलाई जिम्मेवारी दिएको हुँदा यस साधारण सभामा संचालक समितिले नियुक्ति गरेको स्वतन्त्र संचालक श्री कर्ण बहादुर बिष्टज्यूको नियुक्ति अनुमोदनको लागि जानकारी गरियो र उक्त नियुक्ती सभाले सर्बसम्मती पारित गर्यो।

<u>साधारण सभाको समापनः</u>

चौथो बार्षिक साधारण सभाको अध्यक्ष श्री नारायण दत्त तिमल्सिनाज्यूले शेयरधनी महानुभावहरुले रचनात्मक सुझाब र सल्लाह दीई कम्पनिलाई मार्गनिर्देशन दिनु भएकोमा धन्यवाद दिदै शेयरधनीहरुको सल्लाह र सुझाब अनुसार कम्पनीले आफ्नो कार्यमा क्रमशः सुधार गर्दै लैजाने विस्वास दिलाउनुका साथै सभामा उपस्थित भई यस साधारण सभा सम्पन्न गर्न सहयोग गरिदिनु भएकोमा पुनः सबैलाई धन्यवाद दिदै सभा समापन भएको घोषणा गर्नुभयो।

..............................

नारायण दत्त तिमल्सिना

सभा अध्यक्ष (संचालक)

Manakamana Engineering Hydropower Ltd.